मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
प्रदेश नं. ५, नेपाल ।

पत्र संख्याः प्रशासन ०७६।०७७
चलानी नं.

## सम्पूर्ण मालारानीबासीहरुमा हार्दिक अपिल

- वर्तमान समयमा विश्वभर फैलिरहेको कोरोना भाइरसको संक्रमणले दिन दुगुना रात चौगुनाको दरले लाखौ मानिसहरुको ज्यान लिइरहेको छ ।
- यस मालारानी गाउँपालिकामा कोरोना संक्रमण भएको पुष्टी नभएता पनि उच्च जोखिमको सन्त्रासमा रहेको छ ।
- कोरोना भाइरसको संक्रमणबाट जोगिनका लागि यस गाउँपालिकाले सञ्चालन गरेका विभिन्न अभियानहरुमा सबैको ऐक्यबद्धता प्रकट भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै निम्न विषयमा थप सहयोग गर्नका लागि हार्दिक अपिल गरिएको छ ।

१. लकडाउनको सम्पूर्ण नियमहरु आफूले पनि पालना गर्ने र आफ्नो नजिकमा आएका सबैलाई पालना गर्न लगाउने ।

२. मालारानी गाउँपालिकाको क्षेत्रभन्दा बाहिरबाट लुकीछिपी वा खुला रुपमा आएका जो कोहीलाई घरमै लुकाएर नराखी पालिका वा प्रहरीलाई खबर गरी तुरुन्त सामुहिक क्वारेनटाइनमा राख्न लगाउने ।

३. विहान बेलुका छाक टार्न रोकिएका मजदुरले मात्र पालिकाबाट उपलब्ध गराएको राहत सामग्री लिने र कोही सम्पन्न व्यक्तिले राहत लिएमा सो को जानकारी पालिका वा प्रहरीमा तुरुन्त गराउने ।

४. कोही कसैले कालाबजारी गरेमा प्रहरी र पालिकामा जानकारी गराउने ।

५. कोरोना भाइरसको संक्रमण रोकथामका लागि आवश्यक स्वास्थ्य सामाग्री र राहत सामग्रीको ख़रिद, क्वारेनटाइनको व्यवस्थापनलगायतको कार्यका लागि छुट्टै कोष खडा गरिएको छ ।

यस कोषमा हालसम्म जनप्रतिनिधि, कर्मचारी, विभिन्न संघ संस्था र व्यक्तिहरुले सात लाख भन्दा बढि रकम बराबरको अमूल्य योगदान गरिसक्नु भएकोले यहाँहरुले पनि इच्छानुसार मेगा बैक शाखामा रहेको कोरोना महामारी नियन्त्रण तथा व्यवस्थापन कोषको खाता नं. ००४००१०११९३५४ मा जम्मा गर्न सक्नु हुनेछ ।

विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

# मालारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खनदह, अर्घाखाँची
### प्रदेश नं. ५, नेपाल ।

पत्र संख्याः प्रशासन ०७६।०७७
चलानी नं.

६. गाउँपालिकाले कोरोना भाइरस नियन्त्रणमा गरेको प्रयासलाई होस्टेमा हैस्ये दिदै आफू बढिभन्दा बढी मात्रामा अनुशासित, संयमित र नैतिकवान भई सहकार्य गर्ने गराउने ।

७.कोरोना भाइरसबाट बच्नका लागि अपनाउने विधिहरु (सावुनपानी वा सेनिटाइजरले हात धुने, माक्स लगाउने, हाछ्यू गर्दा कुहिनो वा टिस्यू पेपरले मुख छोप्ने, सामाजिक दुरी कायम गर्ने आदि) पूर्ण रुपमा पालना गर्ने गराउने ।

- ❖ कोरोनाको संक्रमणले संसारमा भएको भयाबह स्थितिबाट पाठ सिकेर बेलैमा आफू बचौँ, परिवारलाई बचाऔँ र सबैलाई सघाऔँ ।
- ❖ नेपाली हुनुको भातृत्व र मातृत्वको भावमा जागृत गरौँ, गराऔँ ।
- ❖ माथि उल्लेखित विषयमा कुनै जिज्ञासा वा समस्या भएमा निम्न पदाधिकारीहरुलाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

| सि.न. | पद | नाम | फोन नम्बर |
|---|---|---|---|
| १ | अध्यक्ष | बालकृष्ण शर्मा (आचार्य) | ९८५७०२८४५७ |
| २ | उपाध्यक्ष | प्रमिला क्षेत्री | ९८४७१०८३५७ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | विष्णु घर्ती | ९८५७०६६४३२ |
| ४ | सुचना अधिकारी | नेत्र खनाल | ९८५७०६१४७२ |
| ५ | स्वास्थ्य संयोजक | भविश्वर खनाल | ९८५७०६६७९५ |

विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

अनुरोधक
मालारानी गाउँपालिका